ठाकुरबाबा नगरपालिका

# स्थानीय राजपत्र

**खण्ड : ५** **संख्याः ८** **नगरसभाबाट पारित मितिः २०७९।०५।२६**

**प्रमाणिकरणः २०७९।०६।११**

**प्रकाशन मितिः २०७९।०६।१४**

## भाग–१

## ठाकुरबाबा नगरपालिका

## ठाकुरबाबा नगरपालिकाको सूचना !

ठाकुरबाबा नगरपालिकाको मिति २०७५।०२।२० गतेको स्थानीय राजपत्रमा प्रकाशित **"ठाकुरबाबा नगरपालिकाको सहकारी ऐन, २०७५"** मिति २०७९।०५।२६ गतेको विशेष नगरसभाबाट संशोधन भई ठाकुरबाबा नगरपालिकाको स्थानीय राजपत्रमा प्रकाशन भएको व्यहोरा जानकारीको लागि अनुरोध छ।

## ठाकुरबाबा नगरपालिकाको सहकारी ऐन, २०७५ (पहिलो संशोधन २०७९)

**१) संक्षिप्त नाम र प्रारम्भः** यो ऐनको नाम **"ठाकुरबाबा नगरपालिकाको सहकारी ऐन, २०७५ को पहिलो संशोधन, २०७९"** रहेको छ ।

२) ठाकुरबाबा नगरपालिकाको स्थानीय राजपत्रमा प्रकाशन भएको मिति देखि लागु हुनेछ ।

**३) ठाकुरबाबा नगरपालिकाको सहकारी ऐन, २०७५ को दफा २ मा संशोधनः** (१) दफा २ को खण्ड (च) मा संघीय शब्द पछाडि प्रदेश शब्द राखिएको छ ।

(२) दफा २ को खण्ड (ज) मा संघको शब्दलाई संशोधन गरी **संघ तथा प्रदेशको** वाक्यांश राखिएको छ ।

(३) दफा २ को खण्ड (ट) मा संघको शब्दलाई संशोधन गरी संघ तथा प्रदेशको वाक्यांश राखिएको छ ।

(४) दफा २ को खण्ड (द) मा भएको वाक्य पछाडि **"सो शब्दले यस ऐन बमोजिम गठन भएको सहकारी सञ्जाल र विशिष्टीकृत सहकारी संघ समेतलाई जनाउनेछ ।"** भन्ने वाक्य थपिएको छ ।

**४) ठाकुरबाबा नगरपालिकाको सहकारी ऐन, २०७५ को परिच्छेद—२ सहकारी संस्थाको गठन तथा दर्ता अन्तर्गत दफा ३ मा उपदफा थपः** (१) मूल ऐनको दफा ३ को उपदफा ५ पछाडि देहाय बमोजिमका उपदफाहरू राखिएको छ ।

(६) सहकारी संस्थाहरूको व्यवस्थापन तथा प्रवर्द्धनका लागि नगरस्तरीय एक सहकारी सञ्जाल गठन गर्न सकिनेछ ।

(७) उपदफा (६) बमोजिम गठन हुने सहकारी सञ्जालको गठन, काम, कर्तव्य र अधिकार तोकिए बमोजिम हुनेछ ।

(८) नगरस्तरीय एक विशिष्टीकृत सहकारी संघ गठन गर्न सकिनेछ ।

(९) उपदफा (८) बमोजिम गठन हुने विशिष्टीकृत सहकारी संघको गठन, काम, कर्तव्य र अधिकार तोकिए बमोजिम हुनेछ ।

<u>आज्ञाले</u>

रामहरि रिजाल

प्रमुख प्रशासकीय अधिकृत

ठाकुरबाबा नगरपालिकाको सहकारी ऐन, २०७५ (पहिलो संशोधन २०७९)